गाँउसभाबाट स्वीकृत मिति : २०७४।०३।२९

# मायादेवी गाउँपालिका शिक्षा ऐन, २०७५

**प्रस्तावना :**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई शिक्षा सम्बन्धी कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मायादेवी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यो ऐनको नाम मायादेवी गाउँपालिकाको शिक्षा ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन मायादेवी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले मायादेवी गाउँपालिकाको शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले मायादेवी गाउँपालिकाको शिक्षा नियमावली सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले मायादेवी गाउँपालिका सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकारः**

(१) नेपालको संविधान तथा स्थानीय सरकार संञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई शिक्षा क्षेत्रमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले नियमावली, कार्यविधि बनाउना सक्नेछ ।

(२) उपदफा (१( वमोजिम नियमावली, कार्यविधि, बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

(३) यस ऐनमा उल्लेखित विषय यसै बमोजिम र बाँकी अन्य व्यवस्थाहरु नियमावलीमा उल्लेख गरे बमोजिम हुनेछ ।